# कुश्मा नगरपालिका कार्यालय

पदपूर्ति समिति

खुला प्रतियोगितात्मक परीक्षाको विज्ञापन सम्बन्धी सूचना

प्रथम पटक गोरखापत्रमा प्रकाशित मिति २०७२।०४।१७

कुश्मा नगरपालिका कार्यालयको निम्न पद, तह, सेवा, समुहको लागि खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पदपूर्ति गर्न निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरु द्वारा तोकिएवमोजिमको फाराम भरी दरखास्त आह्वान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | समुह | किसिम | पदसंख्या | लिखित परिक्षा | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रथम पत्र | द्धितिय पत्र |
| १. | १/०७२/०७३ | ईन्जिनियर | अधिकृत स्तर , छैठौं | प्राविधिक | सिभिल | खुला | १(एक) | २०७२।०६।०२ गते दिनको ३:०० बजे | २०७२।०६।०३ गते दिनको १:०० बजे |
| २. | २/०७२/०७३ | अमिन | सहायक स्तर, चौथो | प्राविधिक | सर्भे | खुला | १(एक) | २०७२।०६।०४ गते दिनको २:०० बजे | |
| ३. | ३/०७२/०७३ | कार्यालय सहायक | सहायक स्तर पाचौं | प्रशासन | | खुला | २(दुई) | २०७२।०६।०५ गते दिनको ११:३० बजे | २०७२।०६।०५ गते दिनको ३:०० बजे |
| ४ | ४/०७२/०७३ | कार्यालय सहायक | सहायक स्तर पाँचौ | प्रशासन | | महिला | १(एक) | २०७२।०६।०५ गते दिनको ११:३० बजे | २०७२।०६।०५ गते दिनको ३:०० बजे |
| ५ | ५/०७२/०७३ | कार्यालय सहायक | सहायक स्तर पाँचौ | प्रशासन | | आदिवासी/जनजाति | १(एक) | २०७२।०६।०५ गते दिनको ११:३० बजे | २०७२।०६।०५ गते दिनको ३:०० बजे |
| ६. | ६/०७२/०७३ | कार्यालय सहायक | सहायक स्तर, चौथो | प्रशासन | | खुला | २(दुई) | २०७२।०६।०६ गते दिनको ११:३० बजे | २०७२।०६।०६ गते दिनको ३:०० बजे |
| ७ | ७/०७२/०७३ | कार्यालय सहायक | सहायक स्तर, चौथो | प्रशासन | | महिला | १(एक) | २०७२।०६।०६ गते दिनको ११:३० बजे | २०७२।०६।०६ गते दिनको ३:०० बजे |
| ८ | ८/०७२/०७३ | कार्यालय सहायक | सहायक स्तर, चौथो | प्रशासन | | आदिवासी/जनजाति | १(एक) | २०७२।०६।०६ गते दिनको ११:३० बजे | २०७२।०६।०६ गते दिनको ३:०० बजे |

**परीक्षाको किसिमः** लिखित र अन्तरवार्ता **(प्रशासनतर्फ सहायक पाचौं तथा चौथो तह कार्यालय सहायक पदको लागि कम्प्युटर सीप परिक्षण समेत हुनेछ)** ।

**परीक्षा केन्द्रः** पदपूर्ति समिति, कुश्मा नगरपालिकाको कार्यालयले तोके बमोजिम हुनेछ।

**परीक्षा दस्तुरः** अधिकृत स्तर छैटौं तहको लागि रु ७०० (सात सय), सहायक स्तर पाँचौ तहको लागि रु ४०० (चार सय) तथा समावेशी समुहतर्फ थप २०० (दुई सय) र सहायक स्तर चौथो तहको लागि रु ३०० (तीन सय) तथा थप समूहको लागि रु १०० (एक सय) दस्तुर लाग्नेछ।

**दरखास्त फारमः** लोक सेवा आयोगले तोकेको ढाँचा अनुरुप हुने। कुश्मा नगरपालिकाको कार्यालय, कुश्मा, पर्वत बाट उपलब्ध गराइने।

**दरखास्त दिने स्थानः** कुश्मा नगरपालिकाको कार्यालय, कुश्मा, पर्वत ।

**दरखास्त दिने अन्तिम मितिः** २०७२/०५/०६ गते सम्म र दोब्बर दस्तुर तिरी मिति २०७२/०५/१३ गते सम्म।

**कामको विवरणः** सम्बन्धित शाखा तथा पद नाम अनुसार।

**तलबः** प्रचलित स्केल बमोजिम।

**सेवा सम्बन्धी मन्त्रालयः** संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय।

**आवश्यक न्यूनतम योग्यता**

१) ईन्जिनियर , सिभिल , जनरल , उपसमुहको लागि : मान्यता प्राप्त शिक्षण संस्थावाट सिभिल ईन्जिनियरिङ्ग विषयमा बी.ई वा सो सरह उत्तीर्ण।

२) सहायक स्तर पाचौ, प्रशासन : मान्यता प्राप्त शिक्षण संस्थावाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण।

३)सहायक स्तर चौथो, प्रशासन : मान्यता प्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण।

४) अमिन, सहायक स्तर चौथो तह : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी वा सो सरह उत्तीर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तिमा १ (एक) वर्षको तालिम प्राप्त गरेको।

**द्रष्टव्यः**

क) दरखास्त साथ शैक्षिक योग्यताको प्रमाणपत्रहरु (अ) लब्धांकपत्र आ) चारित्रिक प्रमाणपत्र) र नेपाली नागरिकताको प्रमाणपत्र समेतको प्रतिलिपि एवम् दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नुपर्नेछ। प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयम्ले *सक्कल बमोजिम नक्कल ठीक छ* भनी दस्तखत गर्नु पर्नेछ।

ख) अधिकृत स्तरको लागि न्यूनतम २१ वर्ष, सहायक स्तरको लागि न्यूनतम १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, महिलाको हकमा ४० वर्ष र प्राविधिक पदको हकमा ४५ वर्ष ननाघेको।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, अनुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

घ) स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

ङ) पदपूर्ति समितिद्वारा तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

च) पाठ्यक्रम दरखास्त बुझाउने स्थानबाटै प्राप्त गर्न सकिने छ।

छ) समावेशी तर्फका उम्मेदवारहरुले निम्न बमोजिमको कागजातहरु पेश गर्नुपर्नेछ।
-महिला, आदिवासी/जनजातीको हकमा पहिचान खुल्ने कागजातहरु प्रमुख जिल्ला अधिकारी वा आधिकारिक संघ संस्थाबाट प्रमाणित गरिएको सिफारिश वा प्रमाणपत्र दरखास्त साथ पेश गर्नुपर्ने छ।

ज) थप जानकारीको लागि कुश्मा नगरपालिकाको कार्यालय, कुश्मामा सम्पर्क गर्न सकिनेछ।

सदस्य सचिव पदपूर्ति समिति
कुश्मा नगरपालिका कार्यालय, कुश्मा, पर्वत